# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-३९ | २०७७ बैशाख २४ गते बुधबार | 06 May 2020 Wednesday | मूल्य रू. १०/-

## बिकासको गति लकडावनले रोकेन

**मिसन न्यूज**

**कालिकोट**

पलाता गाउँपालिका वडा नम्बर ६ छहडनेको रोड निमार्ण कार्य जारी रहेको छ। प्रदेश सरकार मुख्य मन्त्री निर्वाचन कोषको रकम एक करोड पन्ध्र लाखको पलाता ६ मा रहेको राजन मार्गको काम तिब्र रुपमा हुँदै आएको हो। पलाता निर्माण सेवा प्रालिले डोजरको सहायतामा काम गर्दै आइ रहेको छ । जुम्लाको ओदिदेखि पलाता गाउँ पालिकाको छहडनेसम्म करिब ३६ किलोमीटर रोड काटिसकेको छ ।

अब को केही दिनमै जाफे पुग्ने पलाता निर्माण सेवा प्रा॥लि॥ समितिले जानकारी दिएको छ। यसै बिषयमा गाउँ पालिका अध्यक्ष लक्ष्मण बहादुर बम पलाती कान्छाले कोरोना भाइरस कोभिड १९ उक्त जोखिमको चपेटामा पनि समाज सेवाका काम पलाता गाउँपालिकाले गर्ने भन्दै डोजर चालक एक जनाले मात्र काम गर्ने हुदा कामलाई निरन्तरता दिएको बताए । कोभिड १९ को जनचेतना फैलाउन तथा साबुन बितरण गर्न गाउँ पुगेका अध्यक्ष बमले घरमै बस्न विशेष



पलाता गाउँपालिका वडा नम्बर ६ छहडनेको रोड निमार्ण । तस्विर : मिसन न्यूज

काममा मात्र जान अनुरोध समेत गर्दै सरकारको लकडावन पालना गर्न समेत आग्रह गरे । आज खाकाको कमिले बिदेशमा पशुको उपाधि पाउनु परेको छ हामि नेपालीले , आधापेट बाँच्नु परेको छ स्वदेशमा , चोकचोकमा जम्मा भएर दुनियाका कुरा काट्नु दैनिकि भएको छ । सामाजिक संजालको दुरुपयोग गरेर कसैको बिरोध मा समय सदुपयोग गरेर बेरोजगारी छछल्क्याइरहेका छन लक्का जवानहरुले यस्ले समाज परिबर्तन हैन संकट तिर धकेलि रहेको छ। यस प्ररिस्थितिलाई समयमै अध्यायन गरेर काम गर्न पलाता का कर्मचारी लाई निर्देशन गरे ।

## निरन्तर सेवामा सक्रिय तरुणदल

**मिसन न्यूज**

**कालिकोट**

नेपाल तरुण दल सुर्खेतले क्वारेन्टिनमा रहेकाहरुका लागि मासु र मास्क सहयोग गरेको छ। भेरीगंगा नगरपालिकामा रहेका तीनवटा क्वारेन्टिनमा रहेकाहरुका लागि मासु र मास्क वितरण गरिएको हो। भेरीगंगाको छिन्चु, भिङ्नी र लोदेमा रहेका क्वारेन्टिनमा ६० किलो बोईलर कुखुरा र २५० थान मास्क वितरण गरिएको हो। क्वारेन्टिनमा बसेकाहरुको मनोबल कमजोर हुन नदिनका लागि सहयोग गरिएको तरुण दल सुर्खेतका अध्यक्ष हरि विष्टले बताए ।

‘स्थानीय सरकारले बनाएका क्वारेन्टिनहरुमा भएका मानिसलाई मनोबल कमजोर हुन नदिन हामीले सहयोग गरेका हौं,’ उनले भने, ‘यहाँ सरकारका तर्फबाट खाना मात्र दिने गरिएकोले मासु अन्तैबाट सहयो भईरहेको छ।’ भेरीगंगा नगरपालिकाका मेयर भुपेन्द्र बहादुर चन्दले युवाहरु आवद्ध संगठनबाट मानवीय सेवा हुनुपर्ने भन्दै तरुण दलले गरेको सहयोग अरु युवारुका लागि शिक्षा भएको बताए। उपमेयर रेणु ढकालले स्थानीय सरकारका तर्फबाट भईरहेको काममा सहयोग गरेकोमा संगठनलाई धन्यवाद ज्ञापन गरिन्। उनले क्वारेन्टिनमा बसेकाहरुका लागि नगरपालिकाका तर्फबाट लगातार रुपमा मासुको



व्यवस्था नगरिएकोले विभिन्न क्षेत्रबाट सहयोग भईरहेको जानकारी दिईन्। उनका अनुसार हाल छिन्चुमा रहेको क्वारेन्टिनमा ८७, भिङ्नीमा ५१ र लोदेमा रहेको क्वारेन्टिनमा ५४ जना बसेका छन् ।

र्‍यापिटड डाईग्नोसिस टेस्ट (आरडिटी) का लागि कीट अभाव हुँदा क्वारेन्टिनमा बस्नेहरुको कोरोनाबारे परीक्षण गर्न समस्या भएको उनले जानकारी दिईन् । तरुण दल सुर्खेतका अध्यक्ष हरि विष्ट, क्षेत्र नम्बर १ का अध्यक्ष अमर वली, उपाध्यक्ष तथा भेरीगंगाका तरुण अध्यक्ष दिनेस पुनको सहयोगमा सामग्री वितरण गरिएको हो। सहयोग वितरणका क्रममा नगरपालिकाका मेयर चन्द, उपमेयर ढकाल, तरुण दल सुर्खेतका पूर्व अध्यक्ष तथा नेपाली काँग्रेसका भेरीगंगा नगर सभापति बेदु गिरी लगायतको सहभागिता रहेको थियो । तरुणदल सुर्खेतले यसभन्दा अघि पनि लकडाउनका कारण समस्यामा परेका व्यक्तिहरुलाई खाद्य, स्वास्थ्य तथा अन्य सामग्रीहरु सहयोग गर्दै आएको छ ।

## फोनबाटै स्वास्थ्य सेवा सुरु

**कालिकोट**-रास्कोट नगरपालिकाले फोनबाटै स्वास्थ्य सेवा दिन सुरु गरेको छ । विश्वभरी महामारीका रुपमा फैलिदै गएको कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि सरकारले लकडाउनको अवधि बढाएपछि घरमै रहेका नागरिकलाई लक्षित गरि नगरले फोनबाटै सेवा दिने व्यवस्था मिलाएको हो ।विश्वभर फैलिएको कोरोना भाइरस९कोभिड १९०को महामारीका कारण विशेष अवस्थामा बाहेक अस्पताल नआउन भनिएको छ। दुर्घटना, ब्लिडिङ, गर्भवती महिला लगायत अत्यावश्यीय सेवामा मात्रै अस्पताल जान भनिएको छ । जटिल परिस्थितिमा सानातिना समस्याबाट नागरिकलाई आत्तिन नदिन फोनमार्फत परामर्श सेवा दिन थालिएको रास्कोट



सामुदायिक अस्पतालमा कार्यरत डाक्टर भोजराज बमले जानकारी दिए। ‘ठूलो समस्या नहुँदासम्म घरमै उपचार गर्न सकिन्छ’ ‘उनले भने थप समस्या परेपछि मात्रै अस्पताल पुग्नेपर्ने हुनसक्छ ।’ अस्पतालले फोन सेवाका लागि चिकित्सकहरुको फोन नम्बर समेत उपलब्ध गराएको छ। स्वास्थ्य परामर्शका लागि रास्कोट सामुदायिक अस्पतालका निर्देशक डाक्टर मुकुल ढकाल ९८४११७६०८१ , डाक्टर भोजराज बम ९८४१४१८८४४ , अस्पतालका व्यवस्थापक सुजु शाही ९८४०१५४३९४, अस्पताल ९७४१४७२५७२, स्वास्थ्य शाखामा सिअहेब हंसराज बराल ९८४८३०१२६९, हेअ हेमराज न्यौपाने९८४९७२२१२७ लाई सम्पर्क गर्न सकिने डाक्टर बमले जानकारी दिए । लकडाउनको समयमा स्थानीय नागरिकलाई फोनमार्फत आधारभुत स्वास्थ्य परामर्श दिन आफुहरु जुटेको डाक्टर बमको भनाइ छ।

**हाम्रो अनुरोध**

**सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ। गरिबी न्यूनिकरण गरौँ।**

**खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय**

**कर्णाली प्रदेश, कालिकोट नेपाल**

# सम्पादकीय...

## समृद्धिको विनाशकारी भ्वाङ

विकासले नागरिकलाई खुसी बनाउनुपर्ने, उनीहरू उल्टै त्रस्त पो छन् । पूर्वाधार निर्माणका नाममा राज्य जनताको जीवनप्रति बेपर्वाह हुँदा जहाँतहीँ 'विकासका पासो' थापिएका छन् । विकासले नागरिकलाई खुसी बनाउनुपर्ने, उनीहरू उल्टै त्रस्त पो छन् । पूर्वाधार निर्माणका नाममा राज्य जनताको जीवनप्रति बेपर्वाह हुँदा जहाँतहीँ 'विकासका पासो' थापिएका छन् । विद्युत् आउँदा बेमतलब छाडिएका नांगा तारको डर, खानेपानी आउँदा सडकका भ्वाङको । नालीमा समेत ढकनी नलगाई छोडिन्छ । विकासका लक्षित वर्ग पक्कै नागरिक हुन् । तर हामीकहाँ कुनै पनि नयाँ संरचना निर्माण हुँदै गर्दा संवेदनशीलताको कमीले गर्दा नागरिकको जीवन नै संकटमा परेको देखिन्छ । बारम्बार यस्ता घटना हुँदा सरकारी निकाय मौन हुनु भनेको अपराध नै हो । सरकार सपना बाँड्छ- पानीजहाज, मोनोरेल, मेट्रोरेल र स्मार्ट सिटीको । वास्तविकताचाहिँ विकराल छ । सडकको खाल्डामा खसेर, ढलमा पुरिएर, नांगो तारमा करेन्ट लागेर नागरिकको ज्यान जान्छ । अंगभंग हुन्छ । अरु त अरु, कर्णालीमै पाइलैपिच्छे धराप थापिएको छ । तर जवाफदेही शून्य । बरु सरकारी निकायबीच आरोप-प्रत्यारोप चल्छ । बाटो भत्कनुमा सडक विभाग दोष लगाउँछ, विद्युत् प्राधिकरणलाई । प्राधिकरण दोष लगाउँछ, सडक र ढल तथा खानेपानी विभागलाई । कसले कहाँ बाटो भत्काएर अलपत्र छोडेको छ, थाहा पाउँदैन । हाम्रा सरकारहरूको इतिहास हेर्दा उनीहरू नागरिकको जीवनसँग संवेदनशील देखिन्नन् । छाडा तारमा करेन्ट लागेर ज्यान गएका छन् । तर न स्थानीय सरकार ठोस कदम चाल्न अघि सर्छ, न त केन्द्र सरकार । साना ठानिएका उल्झनले गर्दा निरन्तर दुष्परिणाम भोग्नुपरेको छ । नागरिकको संवेदनशीलता पनि उत्तिकै चाहिएको छ । महानगरकै बाटोघाटोमा यति विघ्न पासो थापिएको छ, कहिल्यै कतै सामूहिक विरोधको आवाज सुनिन्न । लाग्छ, राज्य प्रणालीको हेलचेक्र्याइँमार्फत सिर्जित अपराधलाई नागरिकले स्वीकारिसकेका छन् । राज्य थप लापरबाह बनिरहेको छ । नागरिकका सानाभन्दा साना समस्या सरोकारवाला निकायकहाँ पुगोस् र सम्बोधन होस् भन्ने हेतुले नै हो, तीन तहका सरकारको परिकल्पना गरिएको हो । तर स्थानीय सरकारसमेत अन्य दुई सरकारजस्तै अकर्मण्य बन्न गएको छ । ठूला सपना देखाउनुअघि सरकारले तत्काल यस्ता समस्या निराकरण गरोस् । नत्र राज्यको यो 'अपराध' विरुद्ध सुषुप्त असन्तुष्टि कुनै दिन विस्फोट नहोला भन्न सकिन्न ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# 'जमिन बाँझो नराख्न आग्रह'

**मिसन न्यूज**
**कालिकोट**

कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भुमी व्यवस्थ,कृषि तथा सहकारी मन्त्री विमला केसीले उत्पादनमुखी कुनै पनि जमिन बाँझो नराख्न कृषकहरुलाई आग्रह गरेकी छन् । कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा अघि बढाइएका कृषि पकेट क्षेत्रहरुको अनुगमन तथा अत्यावश्यक



कृषि सामग्रीहरु हस्तान्तरण गर्दै मन्त्री केसीले यस्तो बताएकी हुन् । कर्णालीका रोग भन्दा छिटो भोकमरी आउने देखिन्छ,'मन्त्री केसीले भनिन्,'त्यसैले कृषकहरुले कुन् जमिनमा कस्तो बाली उत्पादन हुन्छ त्यही बाली लगाउन् आग्रह गरेकी हुन् । त्यसका लागि प्रदेश सरकारबाट हुने सहयोग हामी गर्न तयार छौं ।' उत्पादन वृद्धि गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालय मार्फत् अनुदानमा कृषि सामग्री वितरण गर्न थालिएको हो । केसीले सामाजिक दुरी कायम गर्दै कृषकहरुलाई कृषिका काम समेत गर्न सुझाएकी छन् । बरु,घरपरिवारका सदस्यले मात्र आफ्नो बारीमा काम गर्नुहोस । जस्तोसूकै अवस्थामा पनि कृषिका कामलाई निरन्तरता दिनुपर्ने मन्त्री केसीको भनाई छ । कृषि पेशालाई आधुनिकीकरण र यान्त्रिकीकरणमा विकास गरी उत्पादनलाई वृद्धि गर्नुपर्नेमा मन्त्री केसीको जोड छ । कृषि विकास निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायाले यो बर्ष अघि बढाईएका कार्यक्रम प्रभावकारी भएको बताए । यद्यपी लकडाउनले केही समस्या थपिएको छ ,'उनले भने,'कृषकले उत्पादन गरेको कृषि बस्तु खेर फाल्नुपर्ने अबस्था नआवस भन्नका लागि हामीले सहजिकरण गरिरहका छौं ।' यस्तै कृषि विकास निर्देशनालयका बाली विकास अधिकृत एम बहादुर रानाले कुनै पनि कृषकले उत्पादन गरेको कृषि बस्तु खेर जाने सम्भावना भएको जानकारी आएपछि सोही ठाउँमा नै गयर बजारीकरणको प्रबन्ध मिलाईएको बताए । निर्देशनालयका अनुसार सुर्खेतको भेरीगंगा नगरपालिका-४, हर्रेमा रहेका दुईओटा तरकारी पकेट, गुर्भाकोट नगरपालिका-७ पवित्र जनकल्याण सहकारी संस्थामा २९, वडा नं.९ चिसापानीस्थित माझखण्ड तरकारी पकेट, वडा नं ५ थग्लेनीस्थित प्रगतिशील तरकारी पकेट समितिलाई हाते ट्र्याक्टर, प्लाष्टिक टनेल, स्प्रे, हजारी, पाइप, पानी ट्यांकी, बीउबिजन सहयोग गरिएको छ ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# शिक्षा प्रणालीको पुनसंरचना



ललित विक्रम सिंह

समय गतिसिल छ । व्यक्ति र समाजका आवश्यकता,चाहनार आकांक्षा पनि वदलिदा देखिन्छन् । विज्ञान र प्रविधिको तिब्रतर विकासले वस्तु उत्पादन मात्र होइन ज्ञानको उत्पादन र प्रसारणको स्वरुपमा पनि वदलाव आएको छ । हिजो सर्वोत्कृट देखिएको ज्ञान,सीप र प्रविधि आज क्रमश स् कमजोर हुँदै गइरहेको छ र सोको स्थान नविनतम् ज्ञान,सीप र प्रविधिले ओगटदै गएको छ । परिवर्तन यति छिटो भएको छ कि नविनतम्भनिएका ज्ञान र प्रविधि पनि एकाध समय भित्रपुराना र वासी हुन थालेका छन् । अझ त शैक्षिक प्रणालीको परिवर्तन झन भयावह रुपमा हुने गरेको छ । ज्ञानको तीब्रतर विष्फोटन र सिकारु(समाजको ज्ञानकांक्षाले शिक्षा प्रणालीमा परिवर्तन गर्न निरन्तर रुपमा दवाव परेको छ । शिक्षा स्वं नै सवै खाले परिवतर्नको साधक हुने भएकाले शिक्षाको स्वरुपमा निरन्तर परिवर्तन हुनु स्वभाविक पनि हो । शिक्षा प्रणालीले मुलुकको समग्र प्रणालीलाई पुनस्ताजगी गरिरहेको हुन्छ । शिक्षा प्रणालीले नै मुलुकका अन्य प्रणालीको स्याहार र सम्भार गरिरहेको ठानिन्छ ।

मुलुकको कृषि कस्तो वनाउने रु कृषि शिक्षामा निर्भर हुन्छ । मुलुकको स्वास्थ्योपचार कस्तो वनाउने रु स्वास्थ्य शिक्षाले निर्धारण गर्दछ । मुलुकको राजनीति कस्तो वनाउने ? राजनीतिक नेतृत्वले हासिल गरेको शैक्षिक स्तरले नै तय गर्दछ । मुलुकको नागरिक समाज कस्तो वनाउने रु नागरिकले प्राप्त गरेको शिक्षाको स्तरले निश्चित गर्दछ । यसैले भनिन्छ कि मुलुकको शिक्षा प्रणाली भन्दा राम्रो मुलुकको सामाजिक र राजनीतिक प्रणाली किमार्थ हुन सक्दैन । यसरी भन्न सकिन्छ कि शिक्षा प्रणालीलाई कमजोर र पश्चगामी वनाएर मुलुकले विकास र समृद्धिको अग्रगामी सोच राख्नु सोह्रै आना असंभव देखिन्छ । नेपालको शिक्षा परापूर्व कालदेखी अदुरदर्शि राजनीतिको सिकार वन्यो । वन्नु पर्थ्यो शिक्षा राजनीतिक संस्कार विकासको माध्यम तर वन्यो शिक्षा गलत राजनीतिको अखडा । चुनावको अघिल्लो दिनसम्म शिक्षक र विद्यार्थी नेताका उर्जा वने तर चुनाव जितेको एकाध घण्टा पछि ती धुजा भए । गौतमवुद्धले प्राप्त गरेको शिक्षाको आडमा वयैक्तिक मात्र नभइ अन्तराष्ट्रिय शान्तीको कामना गरिएको छ । जिसस क्राइष्ट होउन कि पैगम्बर मोहम्मद अर्थात अल्लाह होउन कि साइवावा यी सवै धर्मभीरुले दिने आर्दशको स्रोत पनि उनीहरुले जीवनकालमा प्राप्त गरेको शिक्षा नै हो । गिता होस् वा कुरान,वेद होस वा वाइवल,त्रिपिटक होस वा रुमी यी सवै धर्मग्रन्थमा रहेको अजस्र ज्ञानको स्रोत पनि जीवन र जगतको सुक्ष्म विश्लेषण गर्न सक्ने शैक्षिक व्यक्तित्वका सिर्जनाका उपज हुन् । यसरी आर्दश समाजको निर्माणका लागि नैतिकता र निष्ठाको दृष्टान्त पेश गर्ने दार्शनिकदेखी व्रमहाण्डको विकास र समृद्धिमा उल्लेख्य योगदान गर्ने वैज्ञानिकको जननी शिक्षा नै हो । सारमा परम्परा र संस्कृतिको संरक्षणदेखी विज्ञान र प्रविधको तीव्रतर विकाससम्मको अन्तरयामी शिक्षा नै हो । विकास र प्रविधिको विकासमा सैसला खेलीरहेका शक्तिराष्ट्रहरुको यति विघ्न चुरीफुरी वढाउने कारक शिक्षा वाहेक अरु होइन । त्यस्तै गरिवी र अल्पविकासको रसातलमा डुवीरहेका राष्ट्रहरुको वाधक पनि शिक्षाको अभाव भन्दा अर्को ठम्याउन सकिदैन । जो जो राष्ट्रहरु र नेतृत्वले शिक्षाको महिमा वोध गरे शिक्षालाई पहिलो प्राथमिकतामा राखी लगानी गरे, शिक्षाको विकास विना समाज र राष्ट्को विकासले गति नलिने, दीगो नहुने गुँदी कुरा वुझे । ती राष्ट्र आज विकास र समृद्धिको अभियन्ता वने । शक्तिराष्ट्को सूचीमा दरिए । विडम्वना जुन राष्ट्र नेतृत्वले शिक्षालाई अनदेखा गर्यो । शिक्षामा गलत राजनीति गर्यो । शिक्षाको विकासमा वक्रदृष्टी राख्यो । शिक्षक र विद्यार्थीलाई गलत राजनीतिको हतियार वनायो । त्यो राष्ट् आज विश्व मानचीत्रमा दीनहीन वन्यो । नेपालको शिक्षा परापूर्व कालदेखी अदुरदर्शि राजनीतिको सिकार वन्यो । वन्नु पर्थ्यो शिक्षा राजनीतिक संस्कार विकासको माध्यम तर वन्यो शिक्षा गलत राजनीतिको अखडा । चुनावको अघिल्लो दिनसम्म शिक्षक र विद्यार्थी नेताका उर्जा वने तर चुनाव जितेको एकाध घण्टा पछि ती धुजा भए । राजनीतिले शिक्षकलाई कहित्यै विद्यार्थीसँगै राखी जान्ने र विश्लेषण गर्ने र वुझ्ने कोशिश गरेन । ठान्यो होला यो भेक छ । लाग्ने गर्दछ, हिजो राणाहरुले आफ्ना भाइभारदारको शिक्षाको चिन्ता गरेकै थिए । त्यसैले सन्तती लागि देश विदेशमा राम्रो शिक्षाको व्यवस्था गरेकै थिए । दरवारियाका लागि दरवार स्कूल खोलेकै थिए । आफ्ना सन्ततीको सुन्दर भविश्यको लागि अनेकानन् प्रवन्ध गरेकै थिए । उनीहरुले शिक्षाको प्रभाव र असर राम्ररी विश्लेषण गरेका थिए । शिक्षा लियो भने लाटो पनि वाठो हुन्छ । असमर्थ व्यक्ति समर्थवान कहलिन्छ । मौनता साँध्ने व्यक्ति पनि कोलाहल मच्चाउने मतियार हुन सक्छ भनेर उनीहरुले राम्ररी वुझेकै हुन् ।

त्यही भएर त्रिचन्द कलेजको उद्घाटनमा चन्द्र शम्शेरले कलेज खोलेर आफ्नै खुट्टामा वन्चरो हानेको तितो अनुभूती अभिव्यक्त गरेका थिए । कता कता अहिले पनि यसको अवशेष वाँकी नै छ जस्तो अनूभूति गर्दछ । होइन भने शहरीयाका छोराछोरी पढ्ने स्कूल मात्र सुन्दर किन देखिदाहुन ? धनिका छोराछोरी पढ्ने स्कूलमा मात्र नपुग्दो केही किन नदेखिदो हो ? मेरो गाउँको रामे, श्यामे, रिता, सिता पढ्ने स्कूल वर्षौवर्ष राउटेको झुपडी झैं किन रहँदो हो ? एउटै राज्यप्रदत्त शिक्षाभित्र विभेदको ठूलो खाडल छ । यस्को कारण पनि छ । स्कूल हिजो राज्यले खोलेन । राज्यले कहाँ कस्तो स्कूल छ भनेर खोलेको भए यस्तो समस्या रहँदैनथ्यो । तर स्कूल खोल्ने क्रममा त्यसको अगुवाइ गाउँका टाँठावाठा तथा कथित सामन्तहरुले गरे र पटक पटक यो स्कूल मैले खोलेको, मेरा वावाले खोलेको, मेरा वाजेले खोलेको भन्दै दुहाइ दिए । जुन सोचले ती स्कूलमा आम जनताको अपनत्व स्थापित हुन दिएन । यसरी राज्यको सहानुभूतीमा खोलिएको कुनै स्कूल गाउँका जनताको हुन नसकी कथित ठूलाठालीको पेवा हुन थाल्यो । उनीहरु नै त्यो स्कूलका व्यवस्थापक कहलिए । सर्वसेर्वा भए । शिक्षक दरवन्दी आयो उनीहरुकै छोरी(वुहारी, ज्वाइँ(छोराले शिक्षक हुने अवसर पाए । यसरी शैक्षिक संरचनामा एकाधको आधिपत्य स्थापित हुन पुग्यो र आम आधिपत्य कायम हुन व्यवधान खडा भयो । अर्कोतिर पाठ्यक्रम वनाउने वर्ग पनि धुरीकै वर्ग थियो । त्यो वर्ग जान्दैन्थ्यो कि विद्यार्थी के चाहन्छ ? अभिभावकको अपेक्षा के छ ? समाजको आवश्यकता के छ ? कस्तो पाठ्यक्रमले स्थानीय संभावनाको उजागर गर्न सक्छ ? सारमा भन्दा ठोस अवस्थाको ठोस विश्लेषण र पहिचान नगरी वनाइएको पाठ्यक्रम र उक्त पाठ्यक्रमको अपेक्षा वोध गर्न नसक्ने शिक्षकका कारण विद्यार्थीको सपना धुलिसात भएको छ । अध्ययनले पुष्टी गरिसकेका छन् कि हाम्रो विद्यालय शिक्षा पूरा गरेको दस्ता पुर्ख्यौली पेशालाई समृद्ध रुपमा नभइ सामान्य रुपमा पनि निरन्तरता दिन सक्दैन नत नै कुनै नयाँ पेशा व्यवसायको सुरुवात गर्न गर्ने सामार्थ्य पनि राख्दैन । यसरी पुर्ख्योली पेशा व्यवसायको विरासत विस्थापित गर्न पनि सिकाउने र नयाँ पेशा व्यवसायको आत्मसातकरण गर्न आवश्यक सक्षमताको विकास पनि नगर्ने यो अर्कमण्य शिक्षाका कारण आज हरेक नेपाली युवा दोवाटोमा द्धिविधामा रुमलीएर वसेको यर्थाथ हाम्रा सामु छ । अव्वल प्राकृतिक भूवनोट र अजस्र प्राकृतिक स्रोतका हिमायती नेपालीहरु कुनै समय व्रम्हाण्डको अभियन्ता थिए । शान्तीका दूत गौतमवुद्ध नेपाली नै थिए । वाल्मिकी, गार्गी, महर्षि, जनक, सिता, भृकुटी, वलभद्र कुँवर लक्ष्मीप्रसाद देवकोटा, योगी नरहरीनाथ आदि नेपाली नै थिए । खासमा अध्यात्मवादको नेतृत्व यही पवित्र भूमीमा पाउ टेकेका पुरुषहरुले नै गरिरहेका थिए । त्यतीखेर खास त अनौपचारिक शिक्षा प्रणाली प्रचलनमा थियो । सायद त्यो त्यसैको उपज थियो । तर जव हामीले औपचारिक शिक्षा प्रणालीको विकास गर्यौ । यसपछि उल्लेखनीय महापुरुषको निर्माण हुन सकेको देखिदैन । चिसो पानी, प्रचुर विविधता र स्वच्छ पर्यावरणको सामिप्ता पाएर पनि किन नेपाली धर्तीमा पाउ टेकेको पात्र भौतिक विकासको यस श्रृखलासम्म आइपुग्दा विश्वमानचित्रको हिमायती हुन सकेन ? किन विज्ञानको चमत्कारिक विकासको सहयात्री वन्न सकेन ?। आजको दिनसम्म नोवेल पुरस्कारको एउटा पनि दावी नेपाली माटोको प्रतिनिधिवाट किन हुन सकेन ? गम्भिर समिक्षा गर्दै शिक्षा प्रणालीलाई समृद्ध वनाउन अव विलम्व गर्नु हुँदैन । पछिल्लो समयमा जापान रोवोटिक्समा एकछत्र राज गर्दै छ ।

छिमेकी भारत सूचना प्रविधिका विविध क्षेत्रलाई संयोजन गर्दै अघी वढ्दैछ । विश्वमा नानो टेक्नोलोजीको दवदवा देखिन्छ यतिखेर । तर हाम्रो शिक्षा,स्वास्थ्य, कृषि तथा उत्पादन र सेवा प्रवाहको पुरातन प्रविधि पटाक्षेप हुन सकेको छैन । समस्या त हाम्रो शैली र सोचमा घनीभूत छ । हामी परम्पराका यति हिमायती छौ कि परम्पारगत शैलिले सखाप नपार्दासम्म विउँझने हिक्मत हामीमा आउनै सक्दैन । जोखिम मोलेर छलाङ मार्ने योजनामा हामी छैनौ वरु घिस्रिएर जिजिविसा चलोस्, हामी यही चाहन्छौ । हामी परिवर्तनका कुरा गर्दछौ । परिवर्तनको स्वघोषित अभियन्ता पनि कहलाउँछौ तर परिवर्तनको नीतीलाई हामी अस्वीकार गर्दछौ । परिवर्तनले तँ वदलिनु पर्दछ भन्छ हामी तिमी वदलिएनौ भनेर गुनासो गर्दछौ । परिवर्तनले तँलै त्याग गर्नु पर्दछ भन्छ हामी त्याग तिमीवाट हुनु पर्दछ भनी अपेक्षा गर्दछौ । र आफ्नो लोभी र भोगी प्रवृतिलाई पूर्ण विराम दिने होइन झन हराम वनाउँदै जान्छौ । यसको जड कारण हामीले प्राप्त गरेको शिक्षा नै हो । किनकि हाम्रो शिक्षाले हामीलाई उचमी वन्न सिकाएन,मालिक मात्र वन्न अह्रायो । सिर्जनसील होइन,संकीर्ण वन्न सिकायो । जोखिम मोल्न होइन वचेर चल्न सिकायो । ठूलो सपनाको हिमायती होइन,संकीर्ण स्वार्थको जंजिरमा अड्केर वाँच्न सिकायो ।

**शैक्षिक प्रणाली रुपान्तरणको अवसर**

कोरोना कहरले समग्र शिक्षा प्रणालीलाई निष्किय वनाइ दिएको छ । शिक्षाको सैद्धान्तिक धरातलवाट हेर्दा शिक्षाले निषृत गर्ने स्वास्थ्य ज्ञान र स्वास्थ्य उपचार निष्फल सावित भएका छन् । शिक्षाले समस्याको पूर्व अनुमान गर्ने र संभाव्य उपचार खोज्ने गर्दछ । कोरोनाले शिक्षाको यस सामार्थ्य माथि प्रश्न चिन्ह तेर्साएको छ । समस्या आउन नै नदिन शिक्षा असमर्थ त भयो, भयो । समस्या आइसके पछि पनि सोको उपचार पहिल्याउन अद्योपान्त शिक्षा असफल देखिएको छ । भोलीका दिनमा देखिने समाधानको पूर्व आंकलनसम्म गर्न सकिएको छैन, यो थप दुर्भाग्य होशिक्षा व्यवस्थाको । अर्कोतिर ज्ञान उत्पादनको पाटोसँगै ज्ञान प्रवाहको पाटोमा समेत समस्या देखिएको छ । खासगरी नेपालको शिक्षा व्यवस्थामा यसको प्रभाव वढी देखिएको छ । समृद्ध देशको शिक्षा प्रणाली लकडाउनको एकाध हप्ता पछी वैकल्पिक रुपमा समेत सक्रिय भइसकेको देखिन्छ । हामी भने अहिलेसम्म कुहिरोको काग वनेका छौं । अझैसम्म एस इ ई कसरी टुंग्याउने निधोमा पुग्न सकेका छैनौ । कक्षा ११ र १२ को परीक्षा कसरी अघी वढाउने निक्यौल गर्न सकेका छैनौ । विद्यार्थीको सिकाइलाई कसरी निरन्तरता दिने अर्को ठूलो अन्यौलमा परेका छौं । यस परिवेशमा देखिएका शैक्षिक वहस र गरिएका प्रयत्नहरु पश्चगामी प्रवृतिका सिकार भएका छन् । अग्रगामी सोचले हेर्दा नेपालको शिक्षा प्रणालीमा विंगहम परिवर्तन गर्ने उपयुक्त समय यहि देखिन्छ । शिक्षालाई जीवनको तयारीका रुपमा नभइ जीवनकै रुपमा विकास गर्ने । सैद्धान्तिक र मेकाले सोचवाट ग्रसित पाठ्यक्रमलाई कार्यमूलक र विश्व शिक्षा प्रणाली अनुकुल वनाउने अवसर उपस्थित भएको छ । पढाउने नाममा वेद वाचनको शैली प्रस्तुत गर्ने शिक्षकहरुलाई विद्यार्थीको मनोभावना आत्मसात गरी क्रियाकलाप परक शिक्षणमा पोख्त वनाउने मौका छ यतिखेर, सदुपयोग गरौं ।

**पाठ्यक्रम**

पाठ्यक्रम सैद्धान्तिक भएको गुनासो पुरानै हो । ढिला नगरी यो गुनासो मेटौं अव । कुन उमेर र कुन कक्षाका विद्यार्थीलाई कस्तो ज्ञान सीप र अभिवृति दिने हो निधो गरौ । हातमा सीप दिने, मनमा समझदारी दिने, मस्तिष्कमा तर्क र विवेक जन्माउने र काँधमा जिम्मेवारी महशुस गराउने शिक्षा दिऔं । वजारमा जाँदा काम पाउने, समाजमा वस्दा सम्मान कमाउने र गोजीमा दाम रखाउने शिक्षा दिऔं । कार्यमूलक व्यवहारिक र सान्दर्भिक शिक्षा दिऔं । कोरोनाको कहर आउँदा कोरोना भगाउने र जित्ने शिक्षा दिऔं । खेतीपातीको समयमा खेतीपातीमा जोतिने प्रवृति विकास गराउने शिक्षा दिऔं । आचरण, सदाचार, नैतिकता, निष्ठा र राष्ट्रियताका साथै सार्वजनिक हीतको प्रर्वद्धनमा नमूना उदाहरण पेश गर्ने शिक्षा दिऔं । प्रकृतिको संरक्षण समानता र सामाजिक

बाँकी ८ पेजमा.....

# प्रदेशका सबै नाका ७ दिनका लागि बन्द

मिसन न्यूज
सुर्खेत

प्रदेश ५ मा कोरोना संक्रमीतको संख्या बढिरहेको भन्दै कर्णाली प्रदेश ७ दिनको लागि सबै नाका बन्द गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकले यस्तो निर्णय गरेको हो । प्रदेशका विभिन्रुन २७ स्थानमा चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली खटाइने छ। बैठकले २५ स्थानमा टोली खटाउने निर्णय गरेको भए पनि डोल्पाका दुई स्थान थप गरिएको छ। गाउँपालिकाका केन्द्र, प्रमुख बजार क्षेत्रजस्ता रणनीतिक स्थानमा टोली परिचालन गरिने छ। स्वास्थ्यकर्मीको टोलीले सम्भावित बिरामीको पहिचान गर्नको लागि स्वाब संकलन, द्रुत परीक्षण (आरडीटी) समेत गर्नेछ। सरकारले सुर्खेतस्थित कर्णाली प्रदेश अस्पताल र जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सक परिचालन गर्नेछ । प्रतिष्ठानका चिकित्सक साविकको कर्णालीमा परिचालन हुनेछन् भने सुर्खेतका चिकित्सक अन्य जिल्लामा जानेछन्। आवश्यकताअनुसार सम्बन्धित जिल्लाका चिकित्सक पनि तोकिएका स्थानमा जाने मन्त्री रावलले बताए। स्थानीय तह र प्रदेश सरकारको समन्वयमा पछिल्लो समय उद्धारका नाममा मान्छे ओसारपोसार जारी थियो। यो निर्णयपछि अब आवतजावत ठप्प हुने भएको छ। सुर्खेत जिल्ला प्रहरी कार्यालयका अनुसार लकडाउनयता कर्णालीमा प्रवेश गर्ने प्रमुख नाका सुर्खेतको बबईबाट १० हजार ३ सय ३२ जना व्यक्ति भित्रिएका छन्। उनीहरु गाउँगाउँमा पुगिसकेका छन्। कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक गोपाल रायमाझीका अनुसार कालीकोटका २ हजार ६ सय ७४, जुम्लाका १ हजार ५ सय ३५, मुगुका १ हजार ३ सय ४९, दैलेखका १ हजा १ सय २३, सुर्खेतका १ हजार ९४, जाजरकोटका १ हजार २६, डोल्पाका ६ सय ५५, रुकुम पश्चिमका ३ सय ६६, हुम्लाका ३ सय ४ र सल्यानका २ सय ६ जनाको उद्धार भएको छ।



पलाँता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पलाँता कालिकोट
कर्णाली प्रदेश, नेपाल

फोन/फ्याक्स : ९७५८०२६९०२
(प्र प्र अधिकृत) ९७५८०२६९०० (प्रशासन)
९७५८०२६९०१ (लेखा)
Email: ito.palatamun@gmail.com

## बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सुचना

प्रकाशितमिति २०७७।०१।२२

प्रस्तुत बिषयमा पलाँता गाँउपालिकाको कार्यालय पलाँता बाट मिति २०७६।१२।१२ मा प्रकाशित बोलपत्र सुचना अनुसार तल उल्लेखित निर्माण कार्यको लागि रितपुर्वक दर्ता हुँन आएका बोलपत्रहरु मुल्यांकन सहितको मुल्यांकन गर्दा निम्न बोलपत्र न्युनतम् मुल्यांकित र सारभुत रुपमा प्रभावग्राहित भै स्वीकृतिको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संसोधन २०७३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आवसकिय सुचना प्रकासित गरिएको छ।

| क्र.सं. | खरिद नं. | योजनाको नाम | स्वीकृत हुँने फारमको नाम | कबोल अंक (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १ | PRM/KKT/BGPRC/NCB/05/2076/077 | बम्फै (गाडखर्क) पाथरखोला सडक निर्माण | गणेश निर्माण सेवा मान्म-५, कालीकोट | ६६,०७,३४४।८३ |
| २ | PRM/KKT/PHTBC/NCB/06/2076/077 | पलाता अस्पताल ट्रस भवन निर्माण | गणेश निर्माण सेवा मान्म-५, कालीकोट | ३८,३९,२१६।५१ |

**बोधार्थ :**

| क्र.सं. | खरिद न.PRM/KKT/BGPRC/NCB/05 र PRM/KKT/BGPRC/NCB/06 /2076/077 मा दर्ता भएका बोलपत्र दाताहरु | ठेगाना |
|---|---|---|
| १ | कर्णाली निर्माण सेवा | मान्म-५,कालिकोट |
| २ | अशोक निर्माण सेवा | मान्म-५,कालिकोट |

नि. प्रमुख प्रशासकीय अधिकृत

## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।**

**महावै गाउँपालिकाको कार्यालय
कालिकोट**

## प्रकोप नियन्त्रणको सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट**

# प्रत्येक घरमा स्वास्थ्य परिक्षण

मिसन न्यूज
कालिकोट

सान्नीत्रिवेणी गाउँपालिकाका प्रत्येक घरमा स्वास्थ्य परिक्षण गर्न सुरु गरिएको छ। स्वास्थ्यकर्मीको टोलीले गाउँपालिकाका प्रत्येक घरमा गई प्रत्येकको स्वास्थ्य परिक्षण गर्ने कार्य सुरु गरेको हो । गाउँपालिकामा बसोबास गर्ने दिर्घ रोगीहरुलाई नम्बर ५ साकेज्यूला र वडा नम्बर ६ को धामिगाउँसम्म घरघरमा पुगि भेटघाट तथा स्वास्थ्य परिक्षण गरेको छ। कोरोना भाइरसका कारण चिन्तित र त्रसित भएका ४० जना नागरिकलाई निःशुल्क औषधि बितरण गरिएको शाहिले बताए । परिक्षणका क्रममा स्वास्थ्यकर्मीहरुले कोरोना भाइरस ९कोभिड १९०



निःशुल्क औषधि वितरण गर्दै प्रत्येक बिरामीको चेकजाँच गरिएको मेहलमुडी स्वास्थ्य चौकीका प्रमुख दिवश कुमार बमले जानकारी दिए ।शनिबारदेखी गाउँपालिकाको वडा नम्बर ५ बाट सुरु गरिएको यो कार्यक्रम गाउँपालिकाको प्रत्येक वडाका घर घरमा गएर निःशुल्क औषधी वितरण गर्नुका साथै बिरामीहरु चेकजाँच गरिने गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर शाहीले जानकारी दिए। स्वास्थ्यकर्मीहरुको टोलीले वडा को जोखिम बढेकाले एक घरवाट अर्को घरमा नजान, धेरैको संख्यामा जमघट तथा भेला भएर नबस्न, जुनसुकै घरायसी काम गर्दा पनि दुरु कायम गरि काम गर्न, स्वस्थ खानपान प्रयोग गरि स्वास्थ्यलाई विशेष ध्यान दिन सुझाएका छन् । गाउँपालिकामा रहेका दिर्घ रोगिहरुको पहिचान र तथ्यांक संकलन गरि उनिहरुलाई निःशल्क औषधि उपलब्ध गर्ने अध्यक्ष शाहिले बताए ।

# भाइरसबाट बच्ने सामाग्री वितरणमा तिव्रता

मिसन न्यूज
कालिकोट

जिल्ला पलाता गाउँ पालिका वडा नम्बर ७ धुरा डाडाखाली पारौटिका १९९ घर धुरी लाई सावन वितरण गरीएको छ। प्रत्येक घरधुरीलाई साबुन ६ पिस, साबुनदानी १ ,लुगा धुने साबुन २ सुचना मुलक सामार्गी १ बितरण गरिएको छ । उत्त अनुसार पलाँता गाउँपालिकाले मिसन इस्टको सयोग र किर्डाक नेपालको सहजीकरणमा गाउँपालिकामा रहेका नागरिकलाई घरघरमा गएर सावुन वितरण गर्दै आइरहेको छ। कोरोना भाईरस कोभिड (१९) को संक्रमणबाट बच्नका लागि सरसफाईका सामाग्री गाउँपालिकाले वितरण गर्दै आएको छ। पलाँता गाउँपालिकाका नागरिकलाई



कार्यक्रम मा गाउँ पालिका अध्यक्ष लक्ष्मण बहादुर बम पलाती कान्छा ,उपाध्यक्ष दाना न्यौपाने, वडा अध्यक्ष बर्ज बहादुर बम ,स्वास्थकर्मि, संचारकर्मी ,बिकास निर्माण दल लगाएतले सामाजिक दुरि कायम गरि सामान बितरण गरिएको हो। उहाका सरसफाईमा कमी हुन नदिनका लागि गाउँपालिकाले सावुन वितरणलाई तिव्रता दिएको छ। कोरोना भाईरसबाट बच्नका लागि जनचेतना सन्देश सहित सावुन वितरणमा गाउँ पालिका ले तिव्रता दिएको छ ।

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधैं ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल (वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# सेनिटाइजर, माक्स र पिपिइ सेट हस्तान्तरण

मिसन न्यूज
कालिकोट

जिल्लाको पलाता गाउँपालिका स्थित स्वास्थ चौकी बेर्सैनकोट लाई सोसेक नेपाल दैलेखको आर्थिक सयोग पलाता गाउँ पालिकाको सम्वन्य र पलाता युवा सन्जालको सहजीकरण मा ५ वटा सेनिटाइजर र २ सय बढि माक्स खरिद गरि हस्तान्तरण गरेको हो । पलाता गाउँ पालिका भित्र रहेका स्वास्थ्य चौकी, बिकास निर्माण दल, प्राथमिक केन्द्र, सञ्चारकर्मि तथा सुरक्षकर्मीलाई आवश्यकता अनुसार माक्स र सेनिटाइजर हस्तान्रण गरेको हो । सोसेक नेपाल दैलेखले प्राथमिक स्वास्थ्य केन्द्र मार्फत सहज रुपमा स्वास्थ्य सेवा प्रवाह गर्नका लागि सेनिटाइजर स्वास्थ्यकर्मीको सुरक्षाको लागि स्वास्थ चौकीका ए।एन।एम सयरुपा बमलाई हस्तान्त्रण गरिएको सोसेक नेपालका सामाजिक परिचालक निल बिक्रम बमले जानकारी दिनुभयो । सोसेस नेपालले ५ वटा सेनिटाइज आवश्यकता अनुसार तत्काल प्रयोग गर्न सक्ने गरि गाउँ पालिकाको स्वास्थ्य शाखामा पनि पिपिइ सेट दुई र माक्स पचास र सेनिटाइज पाँच गरि ग्लोब्स २० जोडा बितरण गरेको साहेक निर्देशक दुर्गा गिरिले जानकारी दिनुभयो। विशेष गरि स्वास्थ्य कर्मीहरुमा कोरोना भाइरस कोभिड १९ को संक्रमण तथा जोखिम न्युनिकरणका लागि सुरक्षति सामाग्रीको रुपमा चिकित्सकले लगाउने पोसाक पिपिइ सेट २ थान मात्र आएकोले सबै स्वास्थ्यकर्मीलाई उपलब्ध गराउन नसकिएको सोसेक नेपाल दैलेखले जनाएको छ । बजारमा पिपिई अभाव रहेको अवस्थामा समेत सोसेक नेपालले बाहिरबाट पिपिई खरिद गरि स्वास्थ्यकर्मीलाई उपलब्ध गराएको हो। पलाता गाउँ पालिकामा विदेशबाट आएका नागरिकलाई क्वारेन्टाइनमा पुगि बितरण गरिएको छ। पलाता निर्माण दल समेत खटेका क्वारेन्टाइन थिर्पु स्थित अब्दल बमले हस्तान्तरण पछि खुसी महसुस गरेको बताए।




## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# परीक्षण बढाउन समितिको निर्देशन

मिसन न्यूज
काठमाडौं

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले कोरोना भाइरस (कोभिड–१९) को परीक्षण दायरा विस्तार गर्न सरकारलाई निर्देशन दिएको छ । समितिले परीक्षणको दायरा विस्तार गरी हरेक परिवारबाट कम्तिमा एकजनाको नमुना छनोट गरी परीक्षण गर्न सरकारलाई निर्देशन दिएको हो । समितिले स्वास्थ्य सामग्रीको भण्डारलाई प्राथमिकता दिएर सबै प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार व्यवस्थापन गर्न पनि हुने फलफुल, तरकारी, दुध जस्ता पदार्थलाई खरिद गरी, निश्चित समय र स्थान निर्धारण गरी विक्रि वितरणका लागि स्थानीय तहसँग समन्वय गर्न पनि निर्देशन दिएको छ। कुनै पनि काम गर्दा जनविश्वासलाई मध्यनजर पारदर्शी तवरले सञ्चालन गरी विपदका समयमा जनआस्था आर्जन गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ । जनप्रतिनिधि र कर्मचारी तथा यसमा संलग्न सबैलाई उच्च सम्मान र प्राथमिकताका साथ उनीहरुको पारिवारिक सुरक्षाको प्रतिवन्ध मिलाउन र उच्च मनोबल





निर्देशन दिएको छ। लक डाउनमा परेका अति विपन्न, न्यून आय भएका, दैनिक ज्यालादारीमा काम गरी जिविकोपार्जन गर्दै आएका मजदुर र किसानहरुको समस्यालाई सम्बोधन गर्न उपयुक्त राहतको व्यवस्था गर्न सरकारलाई निर्देशन दिइएको समिति सभापति परशुराम मेघी गुरुङले बताए। समितिले बजारमा कृत्रिम अभाव गरी कलोबजारी गर्ने र बढी मूल्य लिने प्रवृतिलाई निरुत्साहित गर्न नियमित बजार अनुगमन गरी कानून बमोजिम कारवाही गर्न पनि सरकारलाई निर्देशन दिएको छ। यस्तै स्थानीय स्तरमा उत्पादन कायम गर्नका लागि समुचित व्यवस्थापन गर्न पनि समितिले निर्देशन दिएको सभापति गुरुङले बताए । समितिले लक डाउनका कारण पुरै जनजीवन अस्तव्यस्त बन्ने स्थितिलाई मध्यनजर गर्दै उपयुक्त सतर्कताका साथमा यसलाई खुकुलो बनाउँदै पूर्ण रुपमा खुल्ने योजना तर्जुमा गरी समितिलाई जानकारी गराउन पनि निर्देशन दिएको छ । लक डाउन खुलेपछि विदेशबाट रोजगारी गुमाएर फर्कने ठूलो जनशक्तिलाई व्यवस्थित गर्ने योजना निर्माण गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ।

# कोरोनाले ५५९ को मृत्यु, १७ हजार ६ सय संक्रमित

एजेन्सी
केसीएनए

एजेन्सी,विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण भारतमा पनि बढ्दो रुपमा देखिएको छ । भारतमा पछिल्लो २४



घण्टामा ३८ जनाले ज्यान गुमाएसँगै मृत्यु हुनेको संख्या ५५९ पुगेको हो । भारतमा एकैदिन १ हजार २५० जनामा संक्रमण देखिएसँगै संक्रमित हुनेको संख्या १७ हजार ६१५ पुगेको छ। भारतमा संक्रमितमध्ये २ हजार ८५४ जना उपचारपछि निको भएका छन् । १४ हजार २०२ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । चीनको वुहानबाट शुरु भएको कोरोना संक्रमणको दर यूरोपियन मुलुक हुँदै पछिल्लो समय अमेरिकामा तीव्र देखिएको हो। सियाली मुलुकमा इरान सबैभन्दा बढी प्रभावित छ। जहाँ हालसम्म ५ हजार ११८ जनाले ज्यान गुमाएका छन् । त्यसपछि चीनमा ४ हजार ६३२, टर्कीमा २ हजार १७, इन्डोनेसियामा ५८२ जनाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेको संख्यामा एसियाली मुलुकमा भारत पाँचौ स्थानमा छ।

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**

**कालिकोट**

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| वृष : | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| कर्कट : | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

# शिक्षा प्रणालीको.................

न्यायको प्रर्वद्धन गर्ने र अन्यायप्रति असहिष्णुताको विकास गर्ने शिक्षा दिने पाठ्यक्रमको विकास गरौ ।

### शिक्षक

पाठ्यक्रम निक्कै राम्रो भयो तर शिक्षक निक्कै कमजोर भयो भने शिक्षा व्रम्हाले वनाएको सुनको मानिस झै निक्कै सुन्दर त देखिएला तर वोल्न नसक्ने हुन्छ । भन्नुको तात्पर्य शिक्षकको स्तर भन्दा माथि शिक्षा हुन सक्दैन । पाठ्यक्रमलाई कक्षाकोठामा रुपान्तरण गर्ने शिक्षक नै हो । यसैले शिक्षक सवै भन्दा सक्षम हुनु पर्दछ । समाजमा शिक्षकको स्थान अतुलनीय रहनु पर्दछ । दुईटा कुरामा शिक्षक अव्वल हुनु पर्दछ । एउटा शिक्षक ज्ञानको अज्रस स्रोत हुनु पर्दछ । शिक्षक विद्यार्थीको ज्ञानको प्यास मेट्न सक्ने मात्र हेइन कि विद्यार्थीमा ज्ञानको अनन्त प्यास सिर्जना गर्ने सामार्थ्य शिक्षकमा हुनु पर्दछ ।

अर्को शिक्षक सवै भन्दा वढी जिम्मेवार र जवाफदेही हुनु पर्दछ । शिक्षक आफ्ना एक एक शिष्यको सिकाइको ख्याल गर्ने । एकएक शिष्यको सुदुर भविश्यको चिन्ता गर्ने । एकएक शिष्यको जीवनको सार्थकता हासिल गराउन वत्ति झै वल्ने । एकएक शिष्यको सफलतामा समर्पित हुने हुनु पर्दछ । यसरी शिक्षकको ज्ञानको तह, आचरण र व्यवहारको तहमा वदलाव ल्याइ शिक्षकको पुर्ववत मर्यादा शिक्षक व्रम्हा, शिक्षक विष्णु शिक्षक महेश्वरको फर्काउने गरी शिक्षकको विकास गरिनु पर्दछ । शिक्षक आफ्ना घरायसी मामलावाट उन्मुक्त रहन सक्ने र पलपलमा शिष्यको जीवनको सार्थकता निर्माण तर्फ चिन्तन मननमा लीन रहन सक्ने हुनु पर्दछ, शिक्षक पेशालाई मर्यादित वनाउने परिवेशको निर्माणमा राज्यले थप लगानी समेत गर्नु पर्दछ । शिक्षकलाई वर्तमानको जस्तो दीनहीन वनाएर शिक्षा प्रणालीको उत्थान गर्न सकिदैन । शिक्षा प्रणालीको पुनसंचित गर्दा शिक्षकको मनोवल र पेशागत विकासलाई केन्द्र भागमा राखिनु पर्दछ ।

### विद्यार्थी

शिक्षा प्रणालीको सार्थकता विद्यार्थीको सिकाइ उपव्धीमा मात्र नभइ सफल विद्यार्थीले समाज र राष्ट्रको विकासमा पुर्याउने टेवावाट झल्कन्छ । राज्यको लगानीमा हासिल गरेको योग्यताले पराया भूमीको सेवा गर्दछ । त्यही योग्यताको प्राप्ती पछि जन्माउने आमा नजान्ने वुढीमा परिणत हुन्छिन् । जन्मे हुर्केको परिवेश दुर्गम लाग्छ भने सफल विद्यार्थी असफल शिक्षा प्रणाली वन्ने खतरा रहन्छ । तर जुन शिक्षाले आमाको अनुहारको झलझली वढाउँछ र आमाको मायालाई सम्मान गर्न सिकाउँछ । देशको माटोलाई अविरको टिका ठान्दछ । समाज र राष्ट्रको विकास र समृद्धिका लागि अहोरात्र डट्ने वनाउँछ । उपभोग होइन उत्पादनमा केन्द्रित गर्दछ ।

अनुकरण होइन प्रर्वतन अवलम्वन गराउँछ ।त्यो शिक्षालाई अन्ततस् सफल शिक्षा प्रणाली भन्न सकिन्छ । साथै विद्यार्थीलाई शिक्षा प्रणालीको केन्द्र भागमा राखेर हरेक शैक्षिक लगानीको हिसाव किताव विद्यार्थीको सिकाइ उपलव्धीसँग एकाकार गर्नु पर्दछ । विद्यार्थीलाई सिकाइ अवसरको ओछ्यान र अवसरकै ओढ्नेदिने, सिकाइ अवसरकै निन्द्रा र सिकाइ अवसरकै कल्पना जपना गर्ने शिक्षा प्रणालीको प्रर्वद्धन गर्नु पर्दछ । शहर वजारका नाममा, धनी र गरिवका नाममा विद्यालयहरुमा देखिने शैक्षिक र भौतिक विभेदहरुका पर्खालहरु फेरी नउठ्ने गरी लढाइनु पर्दछ । वालक जहाँ रहोस्, जस्तो अवस्थामा रहोस् तर उस्ले राज्यवाट पाउने शिक्षाको अवसर एकै होस् । उस्ले पाउने शिक्षामा उस्को गरिवीको गन्ध नहोस्, भूगोलको दुर्गमता नदेखियोस् । दुर्गममा हुर्केको र गरिवीमा जन्मेकै कारण उस्को सपना रतिभर नमुर्झाओस् ।मुलुकको जुन कुनामा रहेर पढे पनि जीवन सुन्दर वनाउने एकथान सपना हरेक विद्यार्थीले देख्न सकोस् । मानिसको प्रयोगवाट विभेद हुने खतरा अनन्त रहिरहन्छ । यसको समाधान मन भन्दा मष्तिष्कको प्रयोग गर्न सक्ने मानिसको उपयोगवाट हुन सक्छ । मानिसको मन पूर्वाग्रही हुन्छ ।

मष्तिष्क विवेकी हुन्छ यद्यपी संकिर्ण भने हुन सक्छ । यहाँ प्रविधिको प्रयोग मनको पूर्वाग्रह नियन्त्रण गर्न र मष्तिष्कको विवेकशिलता वढाउने अर्थमा समेत गर्ने गरिन्छ । यसैले सूचना र प्रविधिको महत्तम प्रयोग गरी शिक्षामा देखिएको वर्तमानको खाडल अर्थात विभेद कम गर्न सकिन्छ । साथै मानिस मानिस वीच विभिन्नता रहन्छ ।

सुगममा काम गर्ने शिक्षक सक्षम र समर्पित हुने तर दुर्गममा काम गर्ने शिक्षक कमजोर र कामचोर रहने संभावना समेत उत्तिकै रहने हुँदा यो अवस्थाको अन्त समेत प्रविधिको प्रयोगवाट गर्न सकिन्छ । विद्यार्थीहरुलाई सिकाइको असीम अवसरवाट सुसज्जित गराउन सकिन्छ । कुना कन्दरा समेतमा समान सिकाइको अवसर दिलाउन सकिन्छ । यसरी प्रविधिले विद्यार्थीको सिकाइमा समन्याय गर्न सक्दछ । यसैले अवको शिक्षा प्रणालीको पुनसंरिचत गर्दा प्रत्येक विद्यार्थी र विद्यालयमा सूचना प्रविधिको पहुँच कायम गर्ने गरी र शिक्षाको अभिन्न अंगका रुपमा प्रविधिलाई आत्मसात गर्ने गरी पुनसंरचित गर्नु पर्दछ ।

### निष्कर्ष

सामन्ती मेकाले शिक्षा प्रणालीको पुनसंरचना गर्न एउटा अवसर दैलोमा फेरी देखिएको छ । शिक्षा व्यवस्थावाट युगिन रुपमा प्रताडितहरु माझ पुनस्एउटा आशा पलाएको छ । युगौयुगसम्म शिक्षाको न्यानो घाम ताप्नवाट वञ्चित भएकाहरुको मुहारमा फेरी एउटा खुशी देखिन खोज्दैछ । यो अवसरलाई प्रयोग गरौ र शिक्षामा गरिव र दुर्गमले अनुभूत गरेको विभेद हटाऔ । मौजुदाको शिक्षा प्रणालीले आत्मसात गरेको गल्लास सिलिङ इफेक्ट हटाइ सिर्जनसील मष्तिष्कहरुलाई झन् अघी वढाउने शिक्षा प्रणालीको निर्माण गरौं ।

अवसरको नियोजन गर्ने नभइ अनन्त अवसरको सिर्जना गर्न सक्ने ज्ञान र सोचको दायरलाई क्षितीजीकरण गर्न सक्ने शिक्षा प्रणालीको विनिर्माण गरौं । सूचना र प्रविधिको महत्तम प्रयोग गर्दै स्थानीयकरण र विश्वव्यापीकरणवीच सन्तुलन कायम गर्न सक्ने शिक्षा प्रणाली आजको आवश्यकता हो, निर्माण गरौं । सारमा एउटा अवसर छ यसको सदुपयोग गरी विश्व नागरिकको निर्माणमा कामयावी हुने शिक्षा प्रणालीको पुनसंरचना गरौ ।

( लेखक वीरेन्द्रनगर नगरपालिका सुर्खेतका उप सचिव हुन् । ) कुसे


## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## खाना खानु अघि, खाना खाइसके पछि सावुन पानीले मिचि मिचि हात मुख राम्रो संग धोऔं। दिनै पिछे हात धुने वानिको विकास गरौ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत